कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

स्वास्थ्य कार्यालय, उदयपुर

मासिक बुलेटिन

आर्थिक वर्ष : २०८३/८४	महिना : भाद्र	अंक : २

मुख्य गतिविधिहरू

१. समुदायमा आधारित रोग निगरानीसम्बन्धी अभिमुखीकरण
२. विश्व आत्महत्या रोकथाम दिवसमा जनचेतनामूलक कार्यक्रम
३. स्वास्थ्य कार्यालय, उदयपुरको स्थलगत अनुगमन तथा अन्तरक्रिया
४. खोप कार्यक्रमको स्थलगत अनुगमन

१. समुदायमा आधारित रोग निगरानीसम्बन्धी अभिमुखीकरण

स्वास्थ्य कार्यालय, उदयपुरको समन्वयमा २०८३ भदौ १० गतेदेखि २३ गतेसम्म ७ ब्याचमा समुदायमा आधारित रोग निगरानी (Community-Based Surveillance-CBS) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। समुदायमा देखिने रोग तथा असामान्य स्वास्थ्य घटनाको समयमै पहिचान र सूचना प्रवाहको महत्वबारे स्वास्थ्यकर्मीलाई अभिमुखीकरण गरी, त्यस्ता घटनाको विवरण सकेसम्म चाँडो अभिलेख तथा रिपोर्टिङ गर्न प्रोत्साहित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

कार्यक्रममा जिल्लाका प्रत्येक स्वास्थ्य संस्थाबाट कम्तीमा २ जना स्वास्थ्यकर्मी सहभागी भएका थिए। अभिमुखीकरणमा समुदायस्तरमा देखिएका रोग तथा स्वास्थ्य घटनाको पहिचान, सूचना संकलन तथा SORMAS प्रणालीमा समयमै विवरण प्रविष्ट गर्ने प्रक्रिया सम्बन्धी जानकारी प्रदान गरिएको थियो। साथै, समयमै सूचना प्राप्त भएमा सम्भावित स्वास्थ्य जोखिमको प्रारम्भिक पहिचान गरी आवश्यक प्रतिकार्य तथा नियन्त्रणका गतिविधि छिटो सञ्चालन गर्न सकिने विषयमा छलफल गरिएको थियो।

यस कार्यक्रमले समुदायबाट स्वास्थ्य घटनासम्बन्धी सूचना छिटो स्वास्थ्य प्रणालीसम्म पुर्‍याउने र आवश्यक प्रतिकार्यलाई समयमै अघि बढाउने कार्यमा सहयोग पुर्‍याएको छ।







